annapurnapost.com

# अन्नपूर्ण पोस्ट


वर्ष २३, अंक १८९ पृष्ठ १० | काठमाडौं, बिहीबार २९ कात्तिक २०८१ | कार्तिक शुक्लपक्ष त्रयोदशी नेपाल संवत् ११४५ | THURSDAY, NOVEMBER 14, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

## पनौतीका विद्यार्थीका पीडा

# स्कुल भत्के, बाटो बन्द कहाँ जाने, कसरी पढ्ने ?

संविधानको धारा ३१ को शिक्षासम्बन्धी हकले भन्छ, ‘प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुने छ। राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुने छ।’ तर, काभ्रेपलाञ्चोकका बालबालिका विद्यालय शिक्षाको पहुँचबाट बञ्चित हुन पुगेका छन्। प्राकृतिक विपद्ले विद्यालयमा क्षति पुऱ्याएपछि उनीहरू स्कुल जान पाएका छैनन्। स्कुल जाने उमेरका बालबालिका घरमै बस्न बाध्य छन्।



समाचार पृष्ठ २

दिनेश गौतम | पनौती को रिपोर्ट

बाढीले आधा भवन भत्काएर लगेको काभ्रे पनौती-१ रयालेस्थित न्युराइजिङ बोर्डिङ स्कुल। बाढीको लेदोले अस्तव्यस्त मानेदोभानस्थित भानुचन्द्र मावि (इन्सेट) ● सौजन्य : विमल न्यौपाने

## कांग्रेस उपसभापति गुरुङसँग सीआईबीले लियो बयान



**अजवी पौड्याल** | *काठमाडौं*

नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी)ले मितेरी सहकारी ठगी प्रकरणमा सत्तासीन कांग्रेस उपसभापति तथा पूर्वमन्त्री धनराज गुरुङसँग बयान लिएको छ। बुधबार दिनभर सहकारी ठगी विषयमा गुरुङसँग सोधपुछ गरिएको सीआईबीले जनाएको छ। सीआईबी प्रमुख एआईजी दीपक थापाले पूर्वमन्त्री गुरुङसँग बयान लिइएको तर उनले सहकारी हिनामिनामा आफ्नो संलग्नता अस्विकार गरेको जानकारी दिए।

सीआईबीले सहकारी ठगीसम्बन्धी आएका विभिन्न प्रश्न तथा आशंकाहरूमा गुरुङसँग कागज गराएको छ।

» बाँकी पृष्ठ ५

कोप २९

## ‘नेपालले भोगेका जलवायु समस्याका चुनौती निकै हृदयविदारक’

**अन्नपूर्ण** | *काठमाडौं*

राष्ट्रपति रामचन्द्र पौडेलले जलवायु परिवर्तन सबैको साझा चुनौती भएको बताएका छन्। साझा चुनौतीको सामना गर्न सबैको साझा बुझाइ र साझा प्रयास हुनुपर्ने राष्ट्रपति पौडेलले बताए । जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्र संघीय संरचना महासन्धि पक्ष राष्ट्रहरूको सम्मेलन (कोप-२९) अन्तर्गत बुधबार नेपालले आयोजना गरेको विशेष सत्रलाई सम्बोधन गर्दै राष्ट्रपति पौडेलले जलवायु परिवर्तनका उस्तै प्रभावित राष्ट्रहरूलाई एकै ठाउँमा राखेर छलफल गर्दा समस्याका बारेमा बुझ्न र समाधान गर्न सहज हुने बताए।





राष्ट्रपति पौडेलले नेपालका तर्फबाट आयोजना गरिएको ‘पर्वतीय क्षेत्रमा जलवायुजन्य नोक्सानीको सम्बोधन’ विषयक विशेष सत्रमा भने, ‘जलवायु परिवर्तन हामी सबैको साझा चुनौती भएको र यस साझा चुनौतीको सामना गर्न हामी सबैको साझा बुझाइ र साझा प्रयास बनाउनुपर्ने भएकाले हामीले यस कार्यक्रमको आयोजना गरेका हौं।’

उनले पछिल्ला दिनमा नेपालले भोगेका जलवायु समस्याको चुनौती निकै हृदयविदारक रहेको बताए। उनले भने, ‘सबैलाई आआफ्नो समस्या ठूलो लाग्नु स्वाभाविकै हो, तर पछिल्ला दिनमा नेपालले भोगेका जलवायु समस्याको चुनौती निकै हृदयविदारक छ।’ उनले विगत तीन महिनामा जलवायुजन्य प्रकोपमा परेर नेपालमा मात्र ५ सयभन्दा बढी मानिसले ज्यान गुमाउन पुगे भने खर्बभन्दा बढीको हानिनोक्सानी भएको जानकारी दिए ।

» बाँकी पृष्ठ ५

## ज्वालामुखी बिस्फोटपछि बालीतर्फ जाने उडान रद्द

**काठमाडौं** (अन्नपूर्ण) : एन्डोनेसियाको लेवोटोबी ज्वालामुखी बिस्फोटपछि अस्ट्रेलिया, हङकङ, भारत, मलेसिया र सिंगापुरलगायतका एयरलाइन्सहरूले बुधबार इन्डोनेसियाको रिसोर्ट टापु बाली जाने उडानहरू रद्द गरेका छन्। ज्वालामुखीले विमानस्थल नजिकैको आकाशको केही किलोमिटर टाढादेखि खरानीले टावरलाई ढाकेपछि उडानहरू रद्द गरिएको एयरलाइन्सहरूले जनाएका छन्।

अस्ट्रेलियाको जेटस्टार, क्वान्टास र भर्जिन अष्ट्रेलियाले फ्लोरेस टापुको माउन्ट लेवोटोबी लाकी-लाकीले एक दिनअघि सबै उडानहरू रद्द गरेका थिए। मलेसिया एयरलाइन्स, एयर एसिया, भारतीय इन्डिगो र सिंगापुरको स्कुट एयरलाइन्सले पनि बुधबार उडानहरू रद्द गरेको एएफपीलाई प्राप्त सूचनामा उल्लेख छ।





# आशिषको आश्चर्यलाग्दो कला

### मुखमा पेन्सिल च्यापेर चित्र कोर्छन्, ओठ र चिउडोले ट्याब चलाउँछन्,

**हरिबहादुर लम्जेल** | *धनकुटा*

साँगुरीगढी-८ लुखाका २२ वर्षीय आशिष राई शारीरिक रूपमा अशक्त छन्। बोल्न सक्दैनन्, हातखुट्टा चल्दैनन्। तर, गजबका चित्र बनाउँछन् भन्दा पत्याउनुहुन्न होला ? तर, सत्य यही हो।

बाल्यकालदेखि नै शारीरिक अशक्तता भए तापनि उनले कला र सिर्जनशीलतामा विशेष पहिचान बनाएका छन्। अचेल उनी चित्रकारका रूपमा परिचित छन्। मुखमा पेन्सिल राखेर चित्र कोर्छन्। उनले बनाएका चित्रहरू सुन्दर र आकर्षक छन्। ओठ र चिउडोको सहाराले ट्याब चलाउँछन्। आफूलाई मनपर्ने गीतहरू सुन्छन्। फेसबुक र युट्युब एकाउन्ट खोलेका छन्। आफ्नो केही कुरा भन्न र बोल्न सक्दैनन्। तर, उनले फेसबुक च्याटको माध्यमबाट साथीभाइहरूसँग कुराकानी गर्छन्। सामाजिक सञ्जालमा चित्रहरू पोस्ट गरेर आफ्नो सिर्जना अरूलाई देखाउँछन्। अरूले बोलेको कुरा सुन्न र बुझ्न सक्छन्। सांकेतिक भाषा र अनुहारको





**आफूले कोरेको चित्र देखाउँदै परिवारका साथ आशिष राई। मुखमा पेन्सिल च्यापेर चित्र बनाउँदै (बायाँ)।**
● हरिबहादुर लम्जेल

भावबाट आफ्नो विचार र भावना प्रकट गर्छन्।

कोसिस गऱ्यो भने मान्छेले जे पनि गर्न सक्छ भन्ने आफूले अठोट लिएको उनले फेसबुक म्यासेन्जरमा लेखेर बताए। चित्र बनाउन थालेको उनले एक वर्ष मात्रै भएको छ। सुरुमा कुकुरको चित्र बनाएको उनले स्मरण गरे। चित्र बनाउन आधा घण्टा समय लागेको थियो। विस्तारै अरू चित्र कोर्न थाले। उनले बनाएका चित्रले घरका भित्ता सजिएका छन्। कापिका पाने पिच्छे विभिन्न आकृतिका चित्र कोरेका छन्। हिमाल, पहाड, तराई, विभिन्न जनावर, फूलहरूका चित्र बनाएका छन्।

घरभन्दा बाहिरको संसार नदेखेपनि अरुले भनेको सुनेर, सामाजिक सञ्जालमा देखेर चित्रमा दुरुस्तै उतार्ने गर्छन्।

» बाँकी पृष्ठ ५